“खुसी जनता-समृद्ध तुलसीपुर ” “हाम्रो तुलसीपुर-राम्रो तुलसीपुर”

# सार्वजनिक सुनुवाइ कार्यक्रम

२३ पौष,२०७७ (07 January 2021)

तुलसीपुर उद्योग वाणिज्य संघको सभाहल

तुलसीपुर,दाङ


प्रस्तुतकर्ता

**(On Behalf of Palika)**


बाबुराम न्यौपाने

तथ्याङ्क अधिकृत/सूचना अधिकारी

**tsubmetro@gmail.com**




# तुलसीपुर उप-महानगरपालिकाको संक्षिप्त विवरण (नक्सामा)




- जनसंख्या :१,४९,६४७
- क्षेत्रफल :३८४.६३ वर्ग कि.मी
- स्थापना : २०७३/०१/२२
- क्षेत्रफलको हिसावमा नेपालको दोस्रो ठुलो
- साविक तुलसीपुर न.पा, हलवार, टरिगाउँ, उरहरी, पवननगर, मानपुर, बिजैरी, डरुवा र फुलवारी गाविस गाभिएर बनेको

# सार्बजनिक सुनुवाइको महत्व र कानूनी प्रावधान

पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनका लागि सेवाग्राही र सेवाप्रदायक निकायका विचमा सार्वजनिक चासोको विषयमा हाकाहाकी खुला छलफल गर्ने र सम्वन्धित निकायवाट प्रदान हुने सेवा, वस्तु र सुविधाका सम्बन्धमा आधिकारिक व्यक्ति मार्फत स्पष्टता ल्याउन सार्वजनिक सुनुवाई गरिन्छ । यसले स्थानीय सरकार र नागरिकका विचमा दोहोरो सम्वाद स्थापति गर्न र नागरिकबाट प्राप्त रचनात्मक सुझाव ग्रहण गरी जिम्मेवार संस्कार बसाउन सार्वजनिक सुनुवाइ गर्ने गरिन्छ । सार्वजनिक सुनुवाइ गर्दा त्यसले जनताप्रति उत्तरदायित्व मात्र बोध गराउँदैन, स्थानीय निकायप्रति जनताको विश्वास पनि अभिवृद्धि गराउँछ । यसले नागरिकहरुलाई विकास निर्माणको प्रक्रियामा अर्थपूर्ण सहभागिता गराई सेवा प्रवाहलाइ अझ वढि गुणस्तरिय र प्रभावकारी वनाउन स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० को दफा ७८ को उपदफा ५ बमोजिम तुलसीपुर उप-महानगरपालिकाले सार्वजनिक सुनुवाइ कार्यविधि, २०७७ (प्रश्तावित) तयार गरि सार्वजनिक सुनुवाइलाई अनिवार्य गरेको छ ।

# सार्वजनिक सुनुवाइ कार्यक्रमको उद्देश्य

क) पालिकावाट प्रवाह हुने सेवा, वस्तु र सुविधाहरुलाई अझ बढि गुणस्तरिय र प्रभावकारी वनाउन सेवाग्राहीहरुवाट रचनात्मक पृष्ठपोषण लिन ।

ख) पालिकावाट प्रवाह हुने सेवा,वस्तु र सुविधाहरुमा सरोकारवाला नागरिकहरुको पहुँच वृद्धि गरि पालिकालाई अझ बढि जवाफदेही र उत्तरदायी वनाउन ।

ग) कार्यक्रमहरुमा भएका कमी कमजोरीहरु सुधार गर्न र कार्यक्रमहरुमा पारदर्शिता कायम गर्न ।

घ) पारदर्शी शासन व्यवस्था, उत्तरदायी प्रशासनयन्त्र, सहभागितामूलक पद्धति र निर्वाध रूपमा सूचनाको  पहुँच प्रत्याभूति गर्न ।

ङ) सहकार्यको संस्कार विकास गर्न र सेवा प्रदायक र सेवाग्राहीको संयुक्त प्रयासवाट विकास कार्यक्रमलाई अझ बढि प्रभावकारी र उपलव्धीमुलक वनाउन ।

# सार्बजनिक सुनुवाइका क्रममा अवलम्वन गरिएका विधि/पद्धतिहरु

## पहिलो चरण (Early Preparation and Research for Public Hearing)

- ✓सार्वजनिक सुनुवाइ सञ्चालन समिति गठन
- ✓सहजकर्ता (व्यक्ति/संस्था) प्रश्ताव आव्हान
- ✓सहजकर्ता छनोट/सम्झौता
- ✓सार्वजनिक सुनुवाइको मिति, समय, स्थान छनोट
- ✓नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) र नागरिक अभिमत संकलन (Exit Poll)-२ वटा वडाका १००/१०० जना
- ✓नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) र नागरिक अभिमत संकलन (Exit Poll) का आधारमा सार्वजनिक सुनुवाइको सवाल/विषय छनोट
- ✓जवाफदेही वक्ता छनोट तथा सहभागिलाई पत्राचार
- ✓हल तथा अन्य व्यवस्थापकिय कार्य

# सार्वजनिक सुनुवाइका क्रममा अवलम्वन गरिएका ........

## दोस्रो चरण (Interaction, Discussion and Commitment)

✓पलिकावाट गत चौमासिकमा प्रदान गरिएका सेवा, वस्तु र सुविधाका वारेमा प्रस्तुतीकरण

✓नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) र नागरिक अभिमत संकलन (Exit Poll) वाट प्राप्त नतिजाको प्रस्तुतीकरण

✓अन्तरक्रिया, छलफल तथा प्रश्नोत्तर

✓पालिकावाट सार्वजनिक प्रतिवद्धता व्यक्त

✓कार्यक्रमको समापन

## तेस्रो चरण (Monitoring and Follow up of Commitment)

✓प्रतिवद्धता कार्यान्वयन सम्बन्धि अवस्थाको अनुगमन

# पालिकाका ३२ मुख्य कार्यक्रमहरु

- देशकै नमूना स्थानीय सरकारको रुपमा स्थापित गर्ने दुरदृष्टिका साथ अगाडी बढीरहेको ।
- स्मार्ट नगरका वनाउने परिकल्पना
- नगरका सबै वडामा सडक यातायातको पहुँच र स्तर उन्नती
- करिब ८० किलोमिटर सडक कालोपत्रे ।
- बजारका २० स्थानमा सिसि क्यामरा जडान र ५ स्थानमा Free WiFI सेवा
- तरकारी, फलफुल तथा कृषि बजार केन्द्रको निर्माण तथा व्यवस्थापन
- आधुनिक बसपार्क, तुलसी ट्रेड टावर
- नमुना अटो भिलेज

# पालिकाका ३२ मुख्य कार्यक्रमहरु......

- तुलसीपुर बहुप्राविधिक शिक्षालय (मेट्रो कलेज), सामुदायिक विद्यालयहरुको क्षमता विकास र अनुदान
- खरको छानो मुक्त नगर वनाउने अभियान अन्तर्गत करिव ८ सय घर खरको छानोमुक्त भइसकेका र वाँकी ७ सय ५० घरका लागि आवश्यक प्रक्रिया अगाडी बढेको अवस्था ।
- मातृशिशु सुरक्षा सुत्केरी भत्ताको व्यवस्था (मातृशिशु मृत्युदर सून्य)
- क्षेत्रगत गुरु योजनाहरु निर्माण, आवधिक योजना तथा दीघकालिन योजना तयार हुदै
- टरिगाउँ विमानस्थलको सञ्चालन । अन्तर्राष्ट्रिय स्तरको पाइलट कोर्सको अध्ययनको लागि सम्भावना अध्ययन
- नगरलाई सून्य मोतीविन्दु नगरका रुपमा स्थापति गर्ने अभियान

# पालिकाका ३२ मुख्य कार्यक्रमहरु......

- पालिकाको न्याय प्रणालीलाई सहज र सर्भसुलभ वनाउने प्रयत्न गरिएको छ ।
- एक वडा एक खेल मैदानको अभियान । बेलझुण्डीमा अन्तर्राष्ट्रियस्तरको रंगशाला निर्माण भएको छ ।
- अनलाईन प्रविधि मार्फत कर संकलन तथा नक्सा पास गर्न सकिने व्यवस्था ।
- हरेक वडामा अधिकृतस्तरका वडा प्रमुख, इन्जिनियर, सब इन्जिनियर र अमिन लगायतका कर्मचारीको व्यवस्था गरिएको छ ।
- कृषक प्रोत्साहन कार्यक्रम ।
- स्वास्थ्य सेवालाई सर्वसुलभ र पहुँच योग्य वनाउन नगरका १९ वटै वडामा नगरस्वास्थ्य केन्द्र, प्रसुती सेवा केन्द्र र प्रयोगशाला विस्तार गरिएका छन ।
- नगरको शासन व्यवस्थालाई पारदर्शी र उत्तरदायी वनाउन आवश्यक ऐन, कार्यविधि, नियमावली, निर्देशिका, तथा मापदण्डहरु तयार गरिएका छन ।

# पालिकाका ३२ मुख्य कार्यक्रमहरु......

- राप्ती आँखा अस्पताल, राप्ती बबई क्याम्पस, तुलसीपुर ब्लड बैक, राप्ती प्रादेशिक अस्पताल लगायतको स्तर र सेवा वृद्धिको काम भइरहेको छ।
- ज्येष्ठ नागरिक सम्मान कार्यक्रम (न्यानो कपडा वितरण, नि:शुल्क स्वास्थ्य परिक्षण, अवलोकन भ्रमण )
- वडा नम्वर ८ अस्वारामा रहेको भिमसेन स्वास्थ्य केन्द्रबाट MBBS डाक्टर सहितको चिकित्सक सेवा सुचारु
- वडा कार्यालयका भवन निर्माण (१,२ र १६ को सम्पन्न भएको छ भने १४ र १८ निर्माणाधिन अवस्थामा)
- शवदाह स्थलहरुलाई व्यवस्थित गरिएको (भमके खोला, पातुखोला, राता पहरा, कालाखोला, गहते खोला, बबई नदि, चौवा खोला, सक्राम खोला र गुहारखोलामा सोलार वत्ति जडान)।
- स्मार्ट छोरी कार्यक्रम कार्यान्वयनमा लगिएको छ।
- सडक वत्ती मर्मत तथा विस्तार।

# पालिकाका ३२ मुख्य कार्यक्रमहरु......

लुम्विनी वौद्घ विश्वविद्यालय, CTEVT, काठमाण्डौं विश्वविद्यालय सँग साझेदारी

स्पेनको विलवाहा नगरसँग भगिनी सम्बन्ध स्थापित हुने क्रममा

कोभिड १९ को महामारीलाई कुशलतापूर्वक व्यवस्थापन

सुकुम्वासी तथा अव्यवस्थित जग्गा व्यवस्थित हुने क्रममा । नगरको प्रशासनिक तथा श्रोत नक्सा तयार । मेट्रो कलेजको टोपोग्राफिकल नक्सा तयार

छाडा चौपायाहरुको व्यवस्थापन





# पालिकाले प्राप्त गरेका उपलब्धीहरु

- ✓राष्ट्रिय युवा परिषद्बाट प्रदेश पाँचको उत्कृष्ट युवामैत्री पुरस्कार
- ✓नगरपालिका संघवाट उत्कृष्ठ नगरपालिकाको उपाधी ।
- ✓जिल्ला समन्वय समितिवाट दाङका १० स्थानिय तहमध्ये उत्कृष्ठ घाषित
- ✓अनलाईन प्रविधि मार्फत वडा तहबाट सेवा सञ्चालन गर्ने पहिलो स्थानीय सरकार ।
- ✓अनलाइन प्रविधिवाट घर नक्सा पास गर्ने ५ नं को दोस्रो
- ✓ स्थानीय सरकारवाट कलेज सञ्चालन गर्ने दोस्रो स्थानीय सरकार
- ✓मातृशिशु मृत्युदर कम गर्ने देशकै पहिलो उप-महानगरपालिका

# तुलसीपुरका केहि अनुकरणीय कार्यहरु
# (संघ, प्रदेश र अन्य स्थानीय तहले समेत अनुशरण गरेका छन)

- ✓मातृ शिशु सुरक्षा प्रोत्साहन कार्यक्रम
- ✓श्रम बैंकको अवधारणा
- ✓विद्यालय समायोजनको अवधारणा
- ✓स्यानीटरी प्याड वितरण
- ✓सुरक्षित आवास कार्यक्रम (खरको छानो विस्थापन गरेर जस्ता पाता लगाउने कार्य)
- ✓पूर्वाधार विकास प्राधिकरण मार्फत पूर्वाधार निर्माण
- ✓वार्षिक क्यालेन्डर तयार गरि योजना कार्यान्वयन ।
- ✓कार्यालयको कामलाई क्यासलेस वनाउने अभियान
- ✓ शिक्षकहरुको सामुहिक कोरोना विमा
- ✓विमानस्थल संचालन तथा ब्यवस्थापन
- ✓लुम्विनी बौद्ध विश्वविद्यालय तथा CTEVT सँगको सहकार्य
- ✓स्मार्ट छोरी कार्यक्रम



# नगरका भावी कार्यक्रम/योजना

✓पालिकावाट प्रवाह हुने सेवालाई अझै बढि चुस्त दुरुस्त र प्रभावकारी वनाउने ।

✓हाल चालु अवस्थामा रहेका पूर्वाधार निर्माणका कामलाई समयमै सम्पन्न गर्ने ।

✓नगरवाट प्रवाह हुने मुख्य सेवालाई अनलाइनमा प्रविधिमा रुपान्तरण गर्ने ।

✓खुला सरकार, खुला तथ्याङ्को अवधारणालाई कार्यान्वयनमा लाने ।

✓सफा तुलसीपुर, हरियाली तुलसीपुरको अवधारणालाई कायान्वयन गर्ने

✓तुलसीपुरलाई अध्ययन अनुसन्धानको केन्द्र वनाउने

✓तुलसीपुरलाई स्मार्ट नगर वनाउन आवश्यक वाँकी कामहरु पुरा गर्ने

✓तुलसीपुरलाई Open Government Platform (OGP) मा Link गर्ने ।



✓ स्थानीय सरकारको नीति, निर्माण तथा निर्णय प्रक्रियामा लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने

✓तुलसीपुर उप-महानगरपालिकालाई दक्ष जनशक्तिले सु-सम्पन्न बनाउने

✓सामाजिक जवाफदेहिताका औजारहरु प्रयोगमा नमूना नगरका रुपमा स्थापित हुने ।

# चौमासिक प्रगति(श्रावण-कार्तिक)
# Major Accomplishments

# बित्तीय प्रतिबेदन

| आ.व. २०७७।०७८ को प्रथम चौमासिक प्रगति विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | श्रोतको प्रकार | श्रोत | विनियोजित बजेट रु.००० | निकासा रु.००० | खर्च रु.००० | बाँकी रु.००० |
| | गत बर्षको अ.ल्या. | | | १४०१२५ | | |
| १ | संघिय सरकार | समानिकरण | ३०४५०० | ७६१२५ | ५६६६२ | १९४६३ |
| २ | लुम्विनि प्रदेश सरकार | समानिकरण | ७५६० | १८९० | १८३ | १७०७ |
| ३ | संघिय सरकार | शसर्त अनुदान | ५५३४०० | १२६९४४ | ११३२८५ | १३६५९ |
| ४ | लुम्विनि प्रदेश सरकार | शसर्त अनुदान | २३३५० | ५८३७ | ९७० | ४८६७ |
| ५ | संघिय सरकार | समपुरक अनुदान | १४९०० | ० | ० | ० |
| ६ | लुम्विनि प्रदेश सरकार | समपुरक अनुदान | २२४६२ | ५६२५ | ० | ५६२५ |
| ७ | संघिय सरकार | विशेष अनुदान | २५००० | ० | ० | ० |
| ८ | लुम्विनि प्रदेश सरकार | विशेष अनुदान | २०००० | ४७५० | ० | ४७५० |
| ९ | संघिय सरकार | राजश्व बाँडफाँड | १९२६३९ | ४१५६९ | २०४६९ | २११०० |
| १० | लुम्विनि प्रदेश सरकार | राजश्व बाँडफाँड | २००१५ | ० | ० | ० |
| ११ | संघिय सरकार | सामाजिक सुरक्षा | ३००००० | ११३०६४ | ११३०६४ | ० |
| १२ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | ३००००० | ३०९८९ | १३३३७७ | ० |
| १३ | आन्तरिक ऋण नगद | आन्तरिक स्रोत ऋण | ४७९९९ | ० | ० | ० |
| १४ | नगरविकास कोष ऋण | नगर विकास कोष | २५०००० | ० | ० | ० |
| १५ | युनिसेफ | युनिसेफ | ७५०० | ६० | ६० | ० |
| १६ | सडक बोर्ड | सडक बोर्ड | ७००० | ० | ० | ० |
| १७ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय स. | ३०००० | ० | ० | ० |
| १८ | संघिय सरकार | गरिव संग विश्वेश्वर | ७७७ | १३६ | १३६ | ० |
| | जम्मा रकम | | **२१२७१०२** | **५४७११४** | **४३८२०६** | **७११७१** |

# चौमासिक प्रगति

- ✓कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई स्यानीटरी प्याड वितरण गरिएको ।
- ✓उपमहानरगरपालिका र Changing Stories द्धारा सिकाइ स्तर कमजोर भएका वालवालिकाको प्रारम्भिक सर्वेका लागि १० वटा विद्यालयमा सर्वेक्षणका कार्य भइरहेको
- ✓संघीय सरकारवाट प्राप्त वित्तिय अनुदान अन्तर्गत ३ वटा विद्यालयमा भवन निर्माण, ५ वटा विद्यालयमा सौचालय, ४ वटा विद्यलयमा पुस्तकालय र ३ वटा विद्यालयमा विज्ञान प्रयोगशाला र ३ वटा विद्यालमा सूचना प्रविधि जडानको कार्य अगाडी वढेको ।
- ✓घटना दर्ताको कामलाइ डिजीटलाईजेसन गर्न थालिएको छ
- ✓कोभिड १९ वाट संक्रमित व्यक्तिहरुलाई Personal Hygiene Kit वितरण गरिएको ।
- ✓ विपद्वाट प्रभावित २९ घरपारिवारलाई नगद तथा जस्ता पाता प्रदान गरिएको ।
- ✓ताइवान सरकारको सहयोगमा Earthquake sensor र Rain Guage जडान गरिएको छ । विपद् शाखामा)
- ✓उप-महानगरपालिकामा विपद् पोर्टल (tulsipur.bipadportal.gov.np) निर्मण भइ विपद सम्बन्धि सूचना, तथ्याङ्क र दस्तावेजहरु अद्यावधिक गर्न थालिएको ।
- ✓कानुली पुस्तक अध्ययन केन्द्र स्थापना गरिएको छ ।

# चौमासिक प्रगति ....

- ✓" समृद्ध तुलसीपुर" टेलिभिजन कार्यक्रमको लागि एनटिभी कोहलपुरसँग सहकार्य गरिएको ।
- ✓"हाम्रो तुलसीपुर राम्रो तुलसीपुर" रेडियो कार्यक्रमको लागी बिभिन्न रेडियो सँग संझौता गरिएको छ ।
- ✓सूचना तथा विज्ञापनलाई एकद्धार प्रणाली अनुसार व्यवस्थित् गर्ने कोशिस गरिएको छ ।
- ✓ कोभिड १९ सम्वन्धि तथ्याङ्ग नियमित अद्यावधिक तथा सम्प्रेषण गर्ने गरिएको छ ।
- ✓संघ, प्रदेश तथा स्थानीय तहसँग आवश्यकता अनुसार सूचना आदान-प्रदान र समन्वय गरिएको छ ।
- ✓१९ वटा विभिन्न प्रकृतिका विवादमा मिलापत्र गरिएको छ ।
- ✓जग्गा नापजाँच ऐनको मस्यौदा तयार गरिएको छ ।
- ✓औधोगिक ग्रामको लागि जिपिएस प्रविधिवाट नक्साङ्कनको कार्य अगाडी बढाइएको छ ।
- ✓डिजिटल भू-उपयोग नक्सा निर्माणका लागि आवश्यक पर्ने निर्माण विन्दु स्थापना गर्नका लागि १९ वटै वडामा आवश्यक प्रक्रिया अगाडी वढाइएको
- ✓सबै वडा कार्यालयहरु, जनस्वास्थ्य प्रवद्धन महाशाखा तथा पशु सेवा शाखामा बिधुतिय हाजिरी प्रारम्भ गरिएको छ ।
- ✓नागरिक बडापत्र अद्यावधिक गरि कार्यालय परिसरमा लगाइएको छ ।

# चौमासिक प्रगति ....

- ✓अनुमान गरिएको बार्षिक राजश्व अनुमान  रु.३०,००,००,०००। मध्ये  पहिलो चौमासिकको अन्त सम्ममा रु.३,१४,२८,६४४ राजश्व संकलन भएको छ।
- ✓१३ वटा योजनाको ठेक्का आव्हान गरिएकोमा ३ वटा योजनाको ठेक्का सम्झौता भएको ।
- ✓सूचना प्रवाहलाई नियमित र ब्यवस्थित गरिएको छ।
- ✓वेबसाइट तथा सिसि क्यामरा अद्यावधिक गर्ने प्रयत्न गरिएको छ
- ✓४५३ नयाँ ब्यवसाय दर्ता गरिएको छ भने ३० नया उद्योग दर्ता र १२०० उद्योगहरु नविकरण गरिएको छ
- ✓बजार अनुगमनको कार्य निरन्तर रुपमा गरिएको छ
- ✓केहि शाखा, महाशाखाहरुको आन्तरिक व्यवस्थापन गरिएको छ (सरुवा, पदस्थापन, जिम्मेवारी प्रदान ,गुनासो व्यवस्थापन आदी)
- ✓कोशेली घरको स्थापना गरिएको छ।
- ✓२५९ वटा पशुलाई कृतिम गर्भाधान, २२७६ वटा पशुलाई स्वास्थ सेवा १ वटा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ।
- ✓२ जना मानसिक समस्या भएका महिलाहरुलाई आवश्यक सहयोग सहित सम्बन्धित ठाउँमा पठाइएको  छ।

# चौमासिक प्रगति ....

- ✓ ८ जना हिंसा प्रभावित महिलाहरुलाई आवश्यक परामर्श सहित सम्बन्धित ठाउँमा पठाइएको छ भने १ जना हिंसा प्रभावित सुत्केरी महिलालाई बाल हित कोष मार्फत रु.५०००। सहायता प्रदान गरिएको छ।
- ✓ उपमेयर महिला सुरक्षा आवास गृहलाई सञ्चालनमा ल्याइएको छ।
- ✓ आपतकालिन अवस्थाका बालबालिकाहरुका लागि अल्पकालिन बाल सुरक्षा गृह सञ्चालनको प्रकृयामा रहेको छ।
- ✓ लैंगिक हिंसा निवारण कोष स्थापना भएको छ।
- ✓ बाल हित कोष स्थापना भएको छ।
- ✓ लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिको मस्यौदा तयार गर्ने कार्य भईरहेको छ।
- ✓ ९८ जना जेष्ठ नागरिकलाई परिचय पत्र वितरण गरिएको छ
- ✓ नगरका विभिन्न स्थानमा वृक्षारोपण, सिंचाई तथा गोडमेलको कार्य सम्पन्न गरिएको।
- ✓ उपमहानगरपालिका अन्तरगत रहेको निजी वन तथा सामुदायिक वनहरुको अभिलेख अद्यावधिक गरिएको ।
- ✓ तुलसीपुर उपमहानगरपालिकाको सहकारी संस्था सञ्चालन, अनुगमन र नियमन सम्बन्धी मापदण्डको मस्यौदा तयार गरिएको ।

# चौमासिक प्रगति ....

- ✓क्षयरोग कार्यक्रमको समिक्षा
- ✓वडास्तरमा कोभिड १९ RRT वैठक तथा समिक्षा
- ✓स्वास्थ्य क्षेत्रको मासिक तथा वार्षिक समिक्षा, खोप कार्यक्रम, आमा सुरक्षा कार्यक्रम र राष्ट्रिय भिटामीन ए कार्यक्रमको समिक्षा
- ✓कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृयामा स्वास्थ्य संस्थाहरुलाई वढि भन्दा वढि सहभागी वनाउन शुरुवात गरिएको ।
- ✓ कोभिड १९ का लागी अत्यावश्यक सामाग्री खरिद
- ✓४७ जना विभिन्न रोगीहरुको (मुटुरोग, मृगौला रोग, क्यान्सर रोग, स्पाइनल इन्जिुरी, सिकलसेल आदि ) नि:शुल्क उपचार तथा सिफारिस गरिएको छ ।
- ✓तुलसीपुर मेट्रो अस्पतालको आधारभुत भवन सम्पन्न भै अस्पताल संचालनका लागि अन्तिम निर्माण कार्यको टेण्डर हुने प्रकृयामा
- ✓स्वास्थ्य चौकी डुरुवामा वडा कार्यालयको सहकार्यमा वर्थिङ भवन निर्माणका लागी डिजाइन तथा लागत स्टीमेट तयारी भै टेण्डर प्रकृयामा
- ✓तुलसीपुर मेट्रो अस्पतालको संचालन तथा व्यवस्थापन ऐन तथा आर्थिक नियमावली तयार ।
- ✓५ वटा कृषि समूहलाई ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण

# चौमासिक प्रगति ....

- ✓१५०० घरधूरीमा २५५० के.जी तोरीको विउ वितरण
- ✓२००० प्याकेट च्याउको विउ वितरण
- ✓रासायनिक मलको सहज विक्रि वितरणको लागि ५६ वटा कृषि सहकारी संस्थालाई डिलरसिपको प्रक्रिया अगाडी बढाइएको ।
- ✓१२ वटा कृषि समूह दर्ता, १०३ कृषि फर्म तथा १३ वटा कृषि मिटर जडान गरिएको
- ✓घरनक्सा अभिलेख Matrix System मा लैजाने प्रकृया सुरु
- ✓८३ नया घर दर्ता,सम्पन्न ५९,अभिलेखिकरण ८८



# चुनौती र समाधानका लागि गरिएका प्रयासहरु

- ✓कोभिडका कारणले मास भेला गरेर गर्ने कतिपय कार्यक्रमहरु समयमा गर्न नसकिएको तर आवश्यक सुरक्षा सतर्कता पालना गरेर र तुलनात्मक रुपमा साना साना समूहहरु भेला गरेर कार्यक्रमहरु गरिएको ।
- ✓पालिकामा कर्मचारी तथा जनप्रतिनिधिहरुमा कोभिड संक्रमण देखिदा केहि समय कार्यालयका नियमित सेवा समेत बन्द गर्नु परेको थियो तर अत्यावश्यक सेवा भने बन्द गरिएन ।
- ✓कोभिडको जाँच पालिकामै गर्न नसक्दा खर्च व्यवस्थापनमा केहि कठिनाइ भयो ।
- ✓पर्याप्त भौतिक संरचनाको अभावका कारणले कार्य सञ्चालनमा केहि कठिनाइ महशुस भएको छ तर उपलब्ध साधन र क्षमताको अधिकतम प्रयोग गरेर सेवा प्रवाह गरिएको छ ।
- ✓मेट्रो अस्पताल निर्माणको टेण्डर प्रकृयामा केहि ढिला हुँदा निमाण कार्य समयमा सुचारु गर्न कठिनाइ भएको
- ✓आधारभुत स्वास्थ्य संस्थाको भवन निर्माणका लागि जग्गाको अभाव ।
- ✓पर्याप्त स्वास्थ्य सामग्री नहुदा स्वास्थ्यकर्मीलाई कठिनाइ ।
- ✓पर्याप्त सवारी साधनको अभाव तर उपलब्ध साधनको अधिकतम प्रयोग गरिएको ।
- ✓इन्टरनेट सेवा राम्रो नहुदा सेवा प्रवाहमा कठिनाइ हुने गरेको ।
- ✓ऐलानी जग्गा तथा अतिक्रमित जग्गा संरक्षणमा कठिनाई ।

# हार्दिक धन्यवाद

केहि जिज्ञासा ??